श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२७ सालको ऐन नं १२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम ओज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।

### केही सार्वजनिक अपराध नियन्त्रण गर्न र तत्सम्बन्धी सजायको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना:– नेपाल अधिराज्यका विभिन्न क्षेत्रहरूमा शान्ति र व्यवस्था कायम राख्न र सर्व-साधारण जनताको सुविधा, सदाचार र नैतिकता कायम राख्नको लागि केही सार्वजनिक अपराध नियन्त्रण गर्न र तत्सम्बन्धी सजायको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:– (१) यस ऐनको नाम "केही सार्वजनिक (अपराध र र सजाय) ऐन, २०२७" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

955

२. केही सार्वजनिक अपराध गर्न नहुने:– कुनै व्यक्तिले देहायको कुनै काम गर्न हुँदैन:–

(क) कुटपिट वा हुल हुज्जत गरी वा अरू कुनै किसिमबाट कुनै राष्ट्र सेवकलाई आफ्नो ओहदाको कर्तव्य पालन गर्नमा बाधा पुन्याउने,

(ख) सार्वजनिक स्थानमा कुटपिट वा हुल हुज्जत गरी शान्ति भंग गर्ने,

(ग) सार्वजनिक स्थानमा अश्लील बोली, वचन, इशारा प्रयोग गरी शान्ति भंग गर्ने वा अश्लील प्रदर्शन गर्ने,

(घ) हुलाक, सञ्चार, यातायात, विद्युत, र अरू यस्तै आवश्यक सामाजिक सेवाको नियमित सञ्चालनमा अनुचित बाधा पुन्याउने,

(ङ) सरकारी वा गैर-सरकारी कार्यालयमा वा कसैको घर जग्गाभित्र हुल हुज्जत गरी अनधिकृत प्रवेश गर्ने वा अनधिकृत रूपमा रहने,

(च) सार्वजनिक वा कसैको सम्पत्तिमा हुल हुज्जत गरी क्षति पुन्याउने, र

(छ) सार्वजनिक स्थानमा महिला वर्गलाई हातपात गरी बेइज्जत गर्ने ।

३. पक्राउ गर्ने अधिकार:– (१) कुनै व्यक्तिले दफा २ अन्तर्गतको कसूर गर्दा घटनास्थलमा फेला परेमा निजलाई प्रहरी कर्मचारीले बिना वारेन्ट पक्राउ गर्न सक्नेछ ।

(२) कुनै व्यक्तिले दफा २ अन्तर्गतको कसूर गरेको छ भन्ने कुराको कसैको युक्तियुक्त उजूरी परी विश्वास पर्दो सूचना प्राप्त भई वा युक्तियुक्त शङ्का भई सो आधारमा जाँचबुझ गर्दा कसूर गरेको भन्ने विश्वास लागेमा स्थानीय प्रहरी चौकी वा ठानाको नायव प्रहरी निरीक्षक (सव-इन्स्पेक्टर) सम्मको मुख्य प्रहरी अधिकृतले अभियुक्तलाई पक्राउ गर्न वारेन्ट जारी गर्न सक्नेछ ।

तर, पक्राउ गरिएको व्यक्तिलाई बाटोको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीकासमक्ष उपस्थित गराउनुपर्छ र त्यस्तो व्यक्तिलाई त्यस्तो मुद्दा हेर्ने अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राख्नु हुँदैन ।

४. मुद्दा दायर गर्ने हद म्याद:– यस ऐन अन्तर्गतको मुद्दा बाटाका म्याद बाहेक वारदात भएको ७ दिनभित्र दायर गरी सक्नुपर्छ ।

५. मुद्दा हेर्ने अधिकारी:– (१) यस ऐन अन्तर्गतको मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार स्थानीय जिल्ला अदालतलाई हुनेछ ।

(२) यस ऐन अन्तर्गतको मुद्दामा जिल्ला न्यायाधीशले विशेष अदालत ऐन,२०१३ बमोजिमको कार्यविधि अपनाउनेछ ।

(३) उप-दफा (२) अन्तर्गत जिल्ला अदालतले गरेको निर्णयउपर ३५ दिनभित्र अञ्चल अदालतमा पुनरावेदन लाग्नेछ ।

६. दण्ड सजाय:– दफा २ अन्तर्गतको कसूर गर्ने व्यक्तिलाई ५ महीनासम्म कैद वा रू. ५००।– सम्म जरीवाना वा दुवै हुनेछ ।

200

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. श्री ५ को सरकार वादी हुने:– यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ।

८. अन्य प्रचलित कानूनबमोजिम मुद्दा चलाउन सकिने:– यस ऐन अन्तर्गत सजाय हुने कसूरमा अन्य प्रचलित नेपाल कानूनबमोजिम कारवाही चलाउन सकिनेछ।

तर, यो ऐन अन्तर्गत सजाय हुने कुनै कसूरमा यो ऐन अन्तर्गत कारवाही र सजाय भै सकेपछि सोही कसूरमा क्षतिपूर्तिको कुरामा बाहेक अन्य कानून अन्तर्गत कारवाही र सजाय गर्न सकिने छैन।

आज्ञाले–

लालमोहर सदर मिति– २०२७।६।१८।१ रमानन्दप्रसाद सिंह

श्री ५ को सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।